**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. सिंगापुरका रक्षामन्त्री डा एनजी इंग हेनले हिजो राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गर्नुभयो।
२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज रुसको काजानमा हुने ब्रिक्स शिखर सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ।
३. केन्द्रीय कोइला मन्त्री जी किशन रेड्डीले कोइला क्षेत्रमा प्राकृतिक वातावरण प्रति पर्यावरण-मैत्री उत्पादन र जिम्मेवारीको महत्त्वलाई जोड दिनु भयो।
४. नेपालमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले हिज सय दिन पूरा गरेको छ। अधिकांश मन्त्रालयले सय दिनको उपलब्धिको प्रतिवेदन बुझाएका छन्।
५. मौसम विभागले आज ओडिशा र उत्तरपूर्वी भारतमा भारी वर्षा हुने सम्भावना जारी गरेको छ।

**सिंगापुर-राष्ट्रपति**

सिंगापुरका रक्षामन्त्री डा एनजी इंग हेनले हिजो राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गर्नुभयो। यस अवसरमा राष्ट्रपति मुर्मुले भन्नुभयो कि भारत र सिंगापुरबीच द्विपक्षीय सहयोगको गौरवशाली इतिहास रहेको छ। राष्ट्रपतिले प्रधानमन्त्रीको हालै गरेको सिंगापुर भ्रमण र दुई देशबीचको दोस्रो चरणको मन्त्रीस्तरीय गोलमेज बैठकले सम्बन्ध थप सुमधुर भएको बताउनुभयो। राष्ट्रपति मुर्मुले दुई देशबीचको सम्बन्ध बृहत् रणनीतिक साझेदारीमा परिणत भएकोमा खुशी व्यक्त गर्नुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले रक्षा क्षेत्रमा नवीनतम विशेषज्ञता र तकनीकि विकासबाट लाभान्वित हुनका लागि दुई देशबीचको रक्षा सहयोगको आवश्यकतामा जोड दिनुभयो।

****** ० ******

**PM-ब्रीफिंग**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज रुसको काजानमा हुने ब्रिक्स शिखर सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ। नियन्त्रण रेखामा गस्तीको व्यवस्था गर्ने सम्बन्धमा दुई देशबीच हालै भएको सहमतिका कारण यो बैठकको महत्व बढेको हो। प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपतिबीच पछिल्लो पाँच वर्षमा यो पहिलो नियोजित भेट हुनेछ। दुई नेताबीचको अन्तिम भेट २०२३ मा दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनको समय भएको थियो, जसमा मोदीले पश्चिमी क्षेत्रमा भारत-चीन सीमा क्षेत्रमा नियन्त्रण रेखामा समाधान नभएका मुद्दाहरूमा चिन्ता व्यक्त गर्नु भएको थियो। श्री मोदीले ब्रिक्स सम्मेलनलाई पनि सम्बोधन गर्नु हुनेछ। प्रधानमन्त्रीले रुस र इरानका राष्ट्रपतिसँग पनि द्विपक्षीय वार्ता गर्नु हुनेछ। श्री मोदीले यी दुई देशको मामिलामा समस्याको शान्तिपूर्ण समाधानको आवश्यकतामा जोड दिँदै युद्धबाट कुनै पनि समाधान सम्भव नहुने स्पष्ट पर्नु भयो। पुटिनसँगको भेटमा मोदीले रुस–युक्रेन विवादको शान्तिपूर्ण समाधानमा सहयोग गर्न भारत तयार रहेकोमा जोड दिनु भयो। विदेश सचिव विक्रम मिश्रीले पत्रकारहरूलाई सम्बोधन गर्ने क्रममा, प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिनलाई युक्रेनको नेतृत्वसँगको भेटबारे जानकारी गराएको र भारत यस क्षेत्रमा शान्ति कायम गर्न योगदान गर्न इच्छुक रहेको बताउनु भयो। श्री मोदी र इरानका राष्ट्रपति मसुद पेजेस्कियानले पनि ब्रिक्स शिखर सम्मेलनको समय भेट गरे र पश्चिम एसियाको अवस्थाबारे छलफल गरे। विदेश सचिव विक्रम मिश्रीले भन्नुभयो श्री मोदीले बढ्दो द्वन्द्वप्रति गम्भीर चिन्ता व्यक्त गर्नु भयो र नागरिकहरूको सुरक्षाको आवश्यकतामा भारतको दृष्टिकोण दोहोर्याइएको थियो। उहाँले तनाव समाधानका लागि वार्ता र कूटनीतिक पहल गर्नुपर्नेमा जोड दिनु भयो। श्री मिश्रीले दुई नेताले अफगानिस्तानको बारेमा पनि छलफल गरेको र त्यहाँका जनतालाई मानवीय सहायता जारी राख्दै यस क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्ने महत्त्वमा जोड दिएको बताउनु भयो। श्री मोदीले इरानसँगको पुरानो सम्बन्धलाई अझ सुदृढ पार्ने भारतको प्रतिबद्धता पनि दोहोर्याउनु भयो।

****** ० ******

**गुटारश-भारत चीन तनाव कम**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुतरशले सीमा गस्तीसम्बन्धी हालै भएको सम्झौतापछि भारत र चीनबीचको असल छिमेकी सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभएको छ। संयुक्त राष्ट्रसंघको दैनिक प्रेस ब्रिफिङमा बोल्दै गुतरशले दुई देशबीचको सम्बन्ध सुधारको महत्त्वमा जोड दिँदै कुनै पनि सकारात्मक परिवर्तनको स्वागत गर्नु भयो।श्री गुतरश पनि ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुनु हुँदैछन्।सोमबार भारतका विदेश सचिव विक्रम मिश्रीले भारत–चीन सीमा क्षेत्रमा वास्तविक नियन्त्रण रेखामा गस्ती व्यवस्थापनका लागि सहमति भएको घोषणा गर्नु भएको थियो। यस सम्झौताको उद्देश्य २०२० मा यी क्षेत्रहरूमा उत्पन्न हुने समस्याहरू समाधान गर्नु र सेना फिर्ता गर्ने व्यवस्था गर्नु हो। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन चिनले चीनले यस सहमतिलाई समर्थन गरेको पुष्टि गर्नुभयो।

****** ० ******

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले सरकारले नागरिक रक्षा र होमगार्डको चार्टरलाई थप सान्दर्भिक बनाउन आगामी चार महिनामा सुधार गर्ने बताउनु भएको छ। महात्मा मन्दिर, गान्धीनगरमा सिभिल डिफेन्स एण्ड होम गार्डस सम्बन्धी १४औँ अखिल भारतीय सम्मेलनको उद्घाटन गर्दै उहाँले समसामयिक चुनौतीहरूको सामना गर्न बललाई स्तरोन्नति गर्नुपर्ने आवश्यकतामा जोड दिनु भयो। श्री शाहले सन् २०४७ सम्ममा विकसित भारतको परिकल्पना हासिल गर्न सिभिल डिफेन्स र होमगार्डको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

****** ० ******

**BSNL को नयाँ सेवा**

सरकारी स्वामित्वको भारत संचार निगम लिमिटेड (बीएसएनएल) ले ग्राहकहरूलाई आकर्षित गर्न सात नयाँ ग्राहक केन्द्रित सेवाहरू सुरु गरेको छ। केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभयो, 4G को सुरुवात पछि पछिल्ला छ महिनामा बीएसएनएल ग्राहकहरूको संख्या 75 लाख बाट बढेर 1.8 करोड पुगेको छ। कम्पनीको नयाँ लोगो र सात नयाँ सेवाहरू अनावरण गर्दै, मन्त्रीले भारत विश्वका छवटा देशहरू मध्ये एक हो जसले आफ्नै 4G टेलिकम नेटवर्क विकास गरेको छ, जुन चाँडै 5G मा बदोतरी हुनेछ। बीएसएनएलको नयाँ लोगो शक्ति, विश्वास र पहुँचको प्रतीक हो।

****** ० ******

**रेड्डी कोइला समीक्षा बैठक**

केन्द्रीय कोइला मन्त्री जी किशन रेड्डीले कोइला क्षेत्रमा प्राकृतिक वातावरण प्रति पर्यावरण-मैत्री उत्पादन र जिम्मेवारीको महत्त्वलाई जोड दिनु भयो। नयाँ दिल्लीमा कोइला क्षेत्रको अर्धवार्षिक समीक्षा बैठकको अध्यक्षता गर्दै मन्त्रीले कोइला उत्पादन बढाउन नयाँ प्रविधि अपनाउनुपर्ने र वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई रोक्ने उपाय अपनाउनुपर्नेमा जोड दिनु भयो।खानी कामदारहरूको परिवारप्रति चिन्ता व्यक्त गर्दै, श्री किशन रेड्डीले कडा सुरक्षा नियमहरू र प्रशिक्षण कार्यक्रमहरू मार्फत खानीहरूलाई जोगाउनु पर्ने आवश्यकतामा जोड दिनु भयो। बैठकको मुख्य उदेश्य कोइला क्षेत्रमा चलिरहेका आयोजनाहरुको प्रगतिको समीक्षा र विकासको गति बढाउनु रहेको थियो।

****** ० ******

**IFFI 2024: प्रतिनिधि पंजीकरण**

गोवामा 20 देखि 28 नोभेम्बरसम्म आयोजना हुने अन्तर्राष्ट्रिय फिल्म महोत्सव - IFFI-2024 का लागि प्रतिनिधि पञ्जीकरण सुरु भएको छ। महोत्सवमा फिल्म प्रेमीहरूले आफ्नो नाम पञ्जीकरण गर्न सक्नेछन्। यसको शुल्क एक हजार एक सय ८० रुपियाँ राखिएको छ।55 औँ IFFI मा विश्वस्तरीय चलचित्रहरू प्रदर्शन गरिनेछ, चाहे त्यो हृदय छुने नाटक होस्, रोमाञ्चक वृत्तचित्र होस् अथवा छोटो चलचित्र होस्। 'फिल्म बजार', 'क्रिएटिभ माइन्ड्स अफ टुमरो' र 'सिने मेला' बाहेक, IFFI ले दिग्गज फिल्म निर्माताहरू र उद्योग व्यवसायीहरूको कार्यशाला र मास्टर क्लासहरू

पनि आयोजना गर्नेछ।1952 मा स्थापित, भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव एशियाको प्रमुख फिल्म महोत्सवहरु मध्ये एक हो। यो वार्षिक रूपमा गोवा सरकारको सहयोगमा राष्ट्रिय फिल्म विकास निगम र सूचना तथा प्रसारण मन्त्रालयद्वारा आयोजना गरिन्छ।

****** ० ******

**ED- लागू औषध मुद्दा**

प्रवर्तन निर्देशनालयले सीमापार लागुऔषध ओसारपसारको सञ्जालसँग सम्बन्धित मुद्दाको अनुसन्धानमा सम्पत्ति शुद्धीकरण निवारण ऐन–पीएमएलए अन्तर्गत ६ जनालाई पक्राउ गरेको छ । एजेन्सीले मुम्बईको न्हावा शेवा बन्दरगाहबाट आयातित कन्टेनरबाट करिब २९३ किलो हेरोइन बरामद गरेको हो । यसबाहेक दिल्ली पुलिसको विशेष सेलले फरीदाबादको दुईवटा गाडी र एउटा फ्ल्याटबाट करिब २५३ किलो हेरोइन बरामद गरेको छ। एक विज्ञप्तिमा, प्रवर्तन निर्देशनालयले अनुसन्धानको क्रममा अफगानिस्तानबाट भारतमा हिरोइनको तस्करीसँग सम्बन्धित ठूलो लागूऔषध तस्करी अपरेसन पत्ता लागेको जनाएको छ। पक्राउ परेका व्यक्तिले पञ्जाब, हरियाणा र दिल्लीमा हेरोइनको तस्करी, भण्डारण र वितरणमा समन्वय गरेको अनुसन्धानबाट खुलेको निर्देशनालयले जनाएको छ । एजेन्सीका अनुसार पञ्जाबको जन्डोली गाउँमा रहेको एक सम्पत्ति, अभियुक्तको नाममा रहेका कैयौं बैंक खाता र फिक्स्ड डिपोजिट खाता प्रतिबंधित गरिएको छ ।

****** ० ******

**नेपाल सरकारको सय दिन**

नेपालमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेपाल सरकारले हिज सय दिन पूरा गरेको छ । प्रधानमन्त्री ओलीले 15 जुलाई शितल निवासमा पद तथा गोपनीयताको शपथ ग्रहण गरी २२ सदस्यीय मन्त्रिपरिषद् गठन गर्नु भएको थियो ।वर्तमान सरकार प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार हो । प्रधानमन्त्री ओलीले 21 जुलाईमा २७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइ बहुमतसहित १८८ मत ल्याएर विश्वासको मत जितेका थिए । 2 अगस्तको दिन प्रधानमन्त्री ओलीले तीन राज्यमन्त्री थपेर वर्तमान मन्त्रिपरिषद्लाई पूर्णता दिनु भएको थियो ।अधिकांश मन्त्रालयले सय दिनको उपलब्धिको प्रतिवेदन बुझाएका छन् ।

****** ० ******

**प्लास्टिक फूल प्रतिबन्ध**

गण्डकी प्रदेशको बाँके जिल्लाको कोहलपुर नगरपालिकाले तिहार र छठ पर्वलाई ध्यानमा राख्दै प्लास्टिकका फूल र मालाको प्रयोगमा प्रतिबन्ध लगाएको छ । टिकाउ, सस्तो र चम्किलो रङका कारण विगत केही वर्षदेखि तिहार र छठमा सजावटका लागि प्लास्टिकका फूल र माला निकै लोकप्रिय भएका छन् । यसैलाई मध्यनजर गर्दै कोहलपुर नगरपालिका कार्यालयले एक सूचना जारी गर्दै स्थानीय तहमा प्लाष्टिकका फूलको बिक्री वितरणमा प्रतिबन्ध लगाएको जानकारी गराएको हो । त्यसैगरी कालाली जिल्लाको टीकापुर नगरपालिकाले पनि प्लास्टिकको फूल र माला प्रयोग नगर्न सूचना जारी गर्दै टीकापुरमा आगामी चाडपर्वमा प्लाष्टिकका फूल बिक्री वितरणमा रोक लगाएको छ ।

****** ० ******

**2026 राष्ट्रमंडल खेल**

सन् २०२६ को राष्ट्रमण्डल खेलकुदका आयोजकहरूले हक्की, ब्याडमिन्टन, कुस्ती, क्रिकेट, स्क्वास र सुटिङ जस्ता प्रमुख खेलहरूलाई हटाउने निर्णय गरेका छन्। एक विज्ञप्तिमा, आयोजकहरूले घोषणा गरे अनुसार खेलहरूको अर्को संस्करणमा 10 खेलहरू मात्र समावेश हुनेछन्, २०२६ मा हुने राष्ट्रमण्डल खेलकुदको २३ औं संस्करण जुलाई २३ देखि अगस्ट २ सम्म स्कटल्याण्डको ग्लासगोमा चार स्थानमा आयोजना हुनेछ । खेलमा भारतसहित ७४ राष्ट्रमण्डल र क्षेत्रका करिब तीन हजार खेलाडी सहभागी हुनेछन् ।

****** ० ******

**भारत-न्युजिल्याण्ड टेस्ट म्याच**

भारत र न्यूजिल्याण्डबीचको दोस्रो क्रिकेट टेस्ट म्याच भोलि पुणेस्थित महाराष्ट्र क्रिकेट एसोसिएसन स्टेडियममा हुँदैछ। यो खेल बिहान ९.३० बजे सुरु हुनेछ। कप्तान रोहित शर्माको नेतृत्वमा भारतीय टोली सिरिजमा पुनरागमन गर्ने उद्देश्यले मैदान उत्रनेछ। बेंगलुरुमा भएको पहिलो खेलमा भारतीय टोलीले हार बेहोरेको थियो। तीन खेलको शृङ्खलामा भारत अहिले १–० ले पछि छ।

****** ० ******

**मौसम**

मौसम विभागले आज ओडिशा र उत्तरपूर्वी भारतमा भारी वर्षा हुने सम्भावना जारी गरेको छ। बङ्गालको खाडीको पूर्वी मध्य भागमा बनेको चापले चक्रवाती आँधीमा परिणत भइरहेकाले यस्तो अवस्था आएको बिभागले जनाएको छ। यो अवस्था आज पनि तमिलनाडु, पुडुचेरी, कर्नाटक र केरलामा जारी रहनेछ। यसैबीच आज पश्चिम बंगालको गंगाको मैदानी क्षेत्र र झारखण्डमा भोली हल्कादेखि मध्यम वर्षा हुनेछ। कोंकण, गोवा र मध्य महाराष्ट्रमा आगामी २–३ दिनमा यस्तै अवस्था रहने मौसमविदले पूर्वानुमान गरेको छ। मध्य र उत्तरपश्चिम भारतमा हप्ताको अवधिमा कुनै उल्लेखनीय वर्षा गतिविधिको अपेक्षा गरिएको छैन।

****** ० ******